# मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) निर्देशिका, २०७५

मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०७३ को नियम २२ को अधिकार प्रयोग गरी अंग प्रत्यारोपण समन्वय समितिले देहायको निर्देशिका बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) निर्देशिका, २०७५" रहेकोछ ।

(२) यो निर्देशिका समितिबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०७३ सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले अंग प्रत्यारोपण समन्वय समिति सम्झनु पर्छ ।

(घ) "निर्देशिका" भन्नाले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) निर्देशिका, २०७५ सम्झनु पर्छ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले भन्नाले ऐन बमोजिम अङ्ग प्रत्यारोपण सम्बन्धी कृयाकलाप सन्चालन गर्न पाउने गरी अनुमतिपत्र प्राप्त स्वास्थ्य संस्था सम्झनु पर्छ ।

३. **समितिले आदेश तथा निर्देशन दिन सक्ने :** (१) ऐनको दफा २८ बमोजिम अधिकार प्राप्त अधिकारीले निरीक्षण गरेको अवस्थामा वा अन्य अवस्थामा समितिले स्वास्थ्य संस्था तथा व्यक्तिगत इजाजतपत्र प्राप्त चिकित्सकलाई अंग प्रत्यारोपण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने सम्बन्धमा कुनै आदेश वा निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश वा निर्देशन दिंदा ऐनको दफा २९ को उपदफा (२) मा उल्लिखित कुराको अतिरिक्त देहायका विषयमा आदेश तथा निर्देशन दिएको छ :-

(क) आधुनिक चिकित्साशास्त्रीय मान्यता अनुसार अति सुरक्षित प्रविधि अपनाई शल्यचिकित्सा गर्नुपर्नेछ ।

ख) अङ्ग प्रत्यारोपण गर्दा आवश्यक पर्ने आधारभूत भौतिक स्रोत साधन तथा जनशक्ति संचालन अवधिभर पर्याप्त मात्रामा उपलब्ध हुनुपर्नेछ । अङ्ग प्रत्यारोपण अति संवेदनशील शल्यक्रिया भएको हुनाले सम्बन्धित विषयमा पोष्ट ग्रयाजुएट तालिम संचालन भएको वा अति जटिल शल्यक्रियाहरु सफलतापूर्वक सम्पन्न भै राखेको अनुभवी संस्था हुनुपर्नेछ ।

(ग) अङ्ग प्रत्यारोपण सम्बन्धि शल्य चिकित्सक र फिजिसियन पूर्णकालिन हुनु पर्नेछ ।

(घ) विदेशी विशेषज्ञको हकमा अंग प्रत्यारोपण गर्न नेपाल मेडिकल काउन्सिलवाट स्वीकृत लिएको कागजात समितिलाइ अनिवार्य रुपमा प्रत्यारोपण गर्नु अगाडी उपलब्ध गराउनु पर्ने छ।

(ङ) मानव शरीरबाट निकालिएको अङ्गलाई वैज्ञानिक प्रविधि अपनाई अति सुरक्षित रुपमा राख्नुपर्नेछ।

(च) अङ्ग प्रत्यारोपण गर्दा अङ्ग ग्रहण गर्ने व्यक्तिको सम्बन्धमा सम्पूर्ण सुरक्षित विधिहरु अपनाउनु पर्नेछ।

(छ) अङ्ग प्रत्यारोपण गर्दा वा प्रत्यारोपण गरिसकेपछि सम्बन्धित व्यक्तिलाई प्रवाह गर्नु पर्ने सूचनाहरु यथेष्ठ मात्रामा र उचित समयमा दिनुपर्नेछ।

(ज) अङ्ग प्रत्यारोपण गर्ने क्रममा अङ्ग दाता र ग्रहणकर्ता दुवैलाई अङ्ग दिदाँ र लिदाँको अवस्थामा तथा त्यसपछि हुन सक्ने जोखिम एवं जटिलताको बारे यथेष्ठ जानकारी गराई सबै बुझी सहमत भएपश्चात् मात्र शल्यक्रियाको लागि मंजुरीनामा गर्नुपर्नेछ।

(झ) समितिले आवश्यक देखेका अन्य विषयका सम्बन्धमा समय समयमा निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशन वा आदेश पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा व्यक्तिगत इजाजतपत्र प्राप्त चिकित्सकको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम समितिले दिएको आदेश तथा निर्देशन पालना नगर्ने वा पालना गर्न अटेर गर्ने सम्बन्धित स्वास्थ्य संस्थालाई समितिले अङ्ग प्रत्यारोपण सम्बन्धी सेवा सञ्चालन गर्न ६ महिनासम्मको लागि निलम्बन गर्न वा रोक्न सक्नेछ।

४. **निरीक्षण सम्बन्धी व्यवस्था :** (१) नियमावलीको नियम ३ को उपनियम (३) बमोजिम अनुमतिपत्र प्राप्त स्वास्थ्य संस्था तथा नियम ४ को उपनियम (२) बमोजिम इजाजतपत्र प्राप्त चिकित्सकले नियमावलीको अनुसूची ३ र ४ बमोजिमको भौतिक स्रोतसाधन, जनशक्ति र आवश्यक पूर्वाधारको सुविधा उपलब्ध भए वा नभएको सम्बन्धमा समितिले आवश्यकता अनुसार निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको भौतिक साधन, जनशक्ति र आवश्यक पूर्वाधार पूरा भए नभएको सम्बन्धमा समितिले जुनसुकै समयमा निरीक्षण तथा अनुगमन गरी आवश्यक आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले दिएको आदेशको पालना गर्नु सम्बन्धित स्वास्थ्य संस्था संचालक र इजाजतपत्र प्राप्त चिकित्सकको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम समितिले दिएको आदेशको पालना नगर्ने स्वास्थ्य संस्थाको नविकरण नगर्ने/इजाजतपत्र खारेज गर्न सक्नेछ।

(५) समितिले आवश्यक ठानेमा उपनियम (१) बमोजिमको स्वास्थ्य संस्था निरीक्षणका लागि विषेशज्ञ उपसमिति समेत गठन गर्न सक्नेछ ।

५. **समितिको अभिलेख खडा गर्नु पर्ने :** (१) समितिले आफूले नियमित रुपमा सञ्चालन गरेका काम कारबाहीको अभिलेख दुरुस्त तयार गरी राख्नु पर्नेछ ।

(२) समितिले आफूलाई प्राप्त भएका प्रतिवेदन लगायत उपयूक्त लागेका कागजातहरुलाई सबैको जानकारीको लागि समितिको वेभसाइटमा राख्न लगाउनेछ ।

६. **वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने :** (१) समितिले आफूले वर्षभरी सञ्चालन गरेका क्रियाकलापका सम्बन्धामा मुख्य मुख्य अंश सहिता अन्य कुराको अतिरिक्त देहायका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ :-

(क) समितिले वर्ष भरी संचालन गरेका कामका मुख्य मुख्य अंशहरु,

(ख) समितिले अनुमतिपत्र प्राप्त स्वायत्त संस्था तथा इजाजतपत्र प्राप्त चिकित्सकको अनुगमन तथा निरीक्षण गर्दा देखा परेका कमी कमजोरी तथा त्यस्ता कमी कमजोरी सुधार गर्न दिएको निर्देशनका मुख्य मुख्य अंशहरु,

(ग) अङ्ग प्रत्यारोपणका सिलसिलामा प्राप्त भएको सफलताको तथा असफलताको प्रतिशत,

(घ) अङ्ग प्रत्यारोपण सम्बन्धमा देखा परेका चिकित्साशास्त्रीय पद्दतिजन्य जटिलताहरु,

(ङ) अङ्ग प्रत्यारोपणका सम्बन्धमा देखा परेका समस्या, जन गुनासा तथा त्यस्ता समय र जन गुनासा समाधानका लागि गरिएका प्रयासहरु,

(च) अङ्ग प्रत्यारोपण प्राप्त गर्ने व्यक्ति तथा अङ्गदाताको अङ्ग प्रत्यारोपण पछिका स्वास्थ्य सम्बन्धी जटिलताहरु,

(छ) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन समितिले मन्त्रालयको स्वीकृति लिई आवश्यकता अनुसार सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्दा मानव स्वास्थ्यको गोपनियता सम्बन्धी संवेदनशिलतालाई ध्यान दिई प्रकाशन गर्नु पर्ने ।

७. **नजिकको नातेदार सम्बन्धी सिफारिस:** अङ्ग प्रत्यारोपण गर्ने प्रयोजनको लागि नजिकको नातेदारका सम्बन्धमा ऐनको दफा १५ बमोजिम नाता प्रमाणित गर्नको लागि सिफारिस गर्न अङ्ग प्रत्यारोपण गर्ने सम्बन्धित स्वास्थ्य संस्थाले नजिकको नातेदार कायम गर्ने सम्बन्धमा सिफारिस गर्न आन्तरिक रुपमा सिफारिस समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारि ससमिति गठन भै सो समितिले अङ्ग प्रत्यारोपण गर्ने व्यक्तिहरुका सम्बन्धमा नजिकका नातेदार हुन भनी सिफारिस गरेमा, ऐनको दफा १५ बमोजिमको विषयहरु सम्बन्धित चिकित्सकहरुले प्रमाणित गरिदिनु पर्नेछ ।

(३) नजिकका नातेदारका सम्बन्धमा कुनै शंका लागेमा वा नजिकका नातेदार पहिचान गर्न असजिलो भएमा सम्बन्धित स्वास्थ्य संस्थाले सम्बन्धित पालिकामा सम्बन्धित कागजात माग गर्न सक्नेछ ।

(४) नजिकको नातेदार नभएको व्यक्तिलाई नातोदार हो भनी समितिले सिफारिस गरेमा प्रचलित ऐन तथा नियम बमोजिम कारवाही हुनेछ ।

(५) विदेशी नागरिकको हकमा सम्बिन्धित विदेशी नियोगबाट नाता प्रमाणित गरेको हुनु पर्नेछ ।

८. **मस्तिष्क मृत्युका सम्बन्धमा:** मस्तिष्क मृत्युका सम्बन्धमा नेपाल सरकार तथा मन्त्रालयबाट जारी भएका निर्देशिका तथा मापदण्डको प्रावधानहरु अङ्ग प्रत्यारोपण गर्ने सम्बन्धित स्वास्थ्य संस्थाले पालना गर्नु पर्नेछ ।

९. **स्वास्थ्य संस्थाको अभिलेख सम्बन्धमा:** (१) अङ्ग प्रत्यारोपण गर्ने सम्बन्धित सबै स्वास्थ्य संस्थाले अङ्ग प्रत्यारोपण सम्बन्धमा गरेका सम्पूर्ण काम कारवाहीहरुको अभिलेखहरुलाई सुरक्षित तवरले राख्नु पर्नेछ ।

(२) सम्बन्धित स्वास्थ्य संस्थाले आफ्नो प्रतिवेदन अनुसूची १ बमोजिमको ढाँचामा त्रैमासिक रुपमा समितिमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन अनलाइनबाट समेत पठाउन सकिनेछ ।

१०. **खारेजी र बचाउ:** (१) मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) निर्देशिका, २०६९ खारेज गरिएको छ ।

(२) मृगौला प्रत्यारोपण (नियमित तथा निषेध) निर्देशिका, २०६९ बमोजिम गरिएका काम कारबाहीहरु यसै निर्देशिका बमोजिम भए गरेका मानिने छन् ।

अनुसूची १
,(दफा ९ को उपदफा २ सँग सम्वन्धित)
स्वास्थ्य संस्थाको त्रैमासिक प्रतिवेदन

| serial number | name of transplant center | Name of recipient | Age | sex | address | Date of Transplant | duration of hospital stay ;days | donor recipient blood group | contact cell number | Donor Name | Age | sex | Relation | native diasease | duration of dialysis pre transplantation /months | mode of dialysis HD/PD | HLA mismatch | back to dialysis date | if previous transplant date | surgical complications if any | medical complications if any | death date |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |